# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०१।२७ गते

## प्रेस विज्ञप्ति
**विषय: आरोप पत्र दायर गरिएको (गैर कानूनी सम्पत्ति आर्जन)।**

---

दुग्ध विकास संस्थान केन्द्रिय कार्यालय लैनचौर काठमाण्डौंका प्रवन्धक डा.शत्रुघ्न प्रसाद साहले सार्वजनिक संस्थाको राष्ट्रसेवक पदमा बहाल रहँदा आफ्नो पद तथा अधिकारको दुरुपयोग गरी गैरकानुनी रुपबाट सम्पत्ति आर्जन गरी पदिय हैसियत अमिल्दो उच्च जीवनस्तर यापन गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धानका क्रममा निज डा. शत्रुघ्न प्रसाद साहले दुग्ध बिकास संस्थानको टेक्निकल अफिसर पद देखी प्रवन्धक पदमा बहाल रहँदा सम्म निजले पेश गरेको सम्पत्ति बिवरण समेतबाट निजको आयआर्जन गरेको रकम रु.१,४४,९७,१३४।०६ ( अक्षरुपी एक करोड चौवालीस लाख सन्तानब्बे हजार एक सय चौतिस रुपैया छ पैसा ) को तुलनामा खर्च तथा लगानी गरेको रकम रु.३,८३,६५,१६४।७१ (अक्षरुपी तिन करोड त्रियासी लाख पैसठ्ठी हजार एक सय चौसठ्टी रुपैया एकहत्तर पैसा) देखिएकोले रु.२,३८,६८,०३०।६५ ( अक्षरुपी दुई करोड अड्तिस लाख अठसठ्ठी हजार तिस रुपैया पैसठ्ठी पैसा ) बढि देखिन आएको हुदाँ निजले आफ्नो पदीय जिम्मेवारीको दुरुपयोग एवं भ्रष्टाचार गरी गैर-कानूनी रुपबाट सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निज उपर जम्मा बिगो रू. २,३८,६८,०३०।६५ ( अक्षरुपी दुई करोड अड्तिस लाख अठसठ्ठी हजार तिस रुपैया पौसठ्ठी पैसा ) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५,दफा १६ (ग) तथा दफा २९ एवं भ्रष्टाचार निवारण ऐन,२०५९ दफा २० को उपदफा (२) अनुसारको जरिवाना र कैद सजाय हुन साथै भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को, दफा १६ (ग),दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरी पाउन मागदाबी लिई र सो अवधिमा आर्जन गरेको श्रोत नखुलेको सम्पति निज डा. शत्रुघ्न प्रसाद साहको श्रीमती शुसिला कुमारी साहको नाममा समेत चल अचल सम्पतिहरु राखेको देखिएकोले निज शुसिला कुमारी साह समेतलाई बिगो जफत गर्ने प्रयोजनार्थ प्रतिवादी कायम गरी आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता